# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, साउन २९ गते २०५८ साल (संख्या १७


## भाग ३

## श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

### लोकसेवा आयोग (कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०५८

लोक सेवा आयोग (कार्यविधि) नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "लोक सेवा आयोग (कार्यविधि) (पहिलो संशोधन) नियमावली २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **लोक सेवा आयोग (कार्यविधि) नियमावली २०५० मा नियम ५क थप** : लोकसेवा आयोग कार्यविधि नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ पछि देहायको नियम ५क. थपिएको छः-

"५क. **प्रारम्भिक परीक्षा लिन सकिने** : (१) खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नु पर्ने निजामती सेवाका पदको विज्ञापन गर्नु अघि आयोगले कुनै सेवा, समूह वा उप समूहको कुनै पदको लागि संयुक्त वा छुट्टा छुट्टै प्रारम्भिक परीक्षा लिन सक्नेछ ।

(२) प्रारम्भिक परीक्षा लिने भनी तोकिएका पदको खुल्ला प्रतियोगिताको लागि

३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञापन हुनु भन्दा अघि आयोगले प्रारम्भिक परीक्षाको लागि आवश्यक विवरण खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रारम्भिक परीक्षा लिइएकोमा सो परीक्षाबाट उत्तीर्ण हुने व्यक्ति मात्र त्यस्तो सेवा, समूह वा उपसमूहको पदको लागि हुने विज्ञापनमा उम्मेदवार हुन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रारम्भिक परीक्षा दिई उत्तीर्ण भएको व्यक्तिले सो परीक्षाको नतिजा प्रकाशन भएको मितिले दुई वर्षसम्म आयोगबाट हुने प्रारम्भिक परीक्षा लिने भनी तोकिएको पद तथा तहको विज्ञापनमा उमेदवार हुन पाउनेछ ।

(५) उपनियम (१) बमोजिमको प्रारम्भिक परीक्षा आयोगले सामान्यतया वर्षको एकपटक लिनुपर्नेछ ।

३. **मूल नियमावलीको नियम ७ मा संशोधन :** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. **दरखास्त दिने :** (१) कुनै पद तथा तहका लागि लिइने प्रारम्भिक परीक्षा तथा रिक्त पदपूर्तिका लागि आयोगबाट हुने विज्ञापन अनुसारको प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले आयोगले तोके बमोजिमको दरखास्त फाराम भरी आयोगले तोके बमोजिमको परीक्षा दस्तुरसहित आयोगको सूचना वा विज्ञापनमा तोकिएको स्थान र समयमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(२) आयोगद्वारा प्रकाशित सूचना वा विज्ञापन वा परीक्षा रद्द गरिएमा वा दरखास्त अस्विकृत भएको अवस्थामा बाहेक अन्य अवस्थामा आयोगमा बुझाएको परीक्षा दस्तुर फिर्ता हुने छैन ।

तर त्यस्तो दस्तुर सम्बन्धित व्यक्तिले विज्ञापन वा परीक्षा रद्द भएको वा दरखास्त अस्विकृत भएको मितिले एक वर्ष भित्र फिर्ता लगिसक्नु पर्नेछ । "

४. **मूल नियमावलीको नियम ८ मा संशोधन :** मूल नियमावलीको नियम ८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) आयोगद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।"

५. **मूल नियमावलीको नियम ९ मा संशोधन :** मूल नियमावलीको नियम ९ मा रहेका "यस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६२०

नियमावली बमोजिमका" भन्ने शब्दहरू पछि "प्रारम्भिक परीक्षा तथा अन्य परीक्षाका" भन्ने शब्दहरू थपिएका छन् ।

६. **मूल नियमावलीको नियम ११ मा संशोधन** : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः-

"११ **उत्तीर्णाङ्क निर्धारण** :( (१) आयोगबाट लिइने प्रारम्भिक तथा अन्य लिखित परीक्षाको प्रत्येक विषय वा पत्रको उत्तीर्णाङ्क चालीस प्रतिशत हुनेछ ।

तर आयोगबाट कुनै खास सेवा, समूह वा उपसमूह अन्तर्गतको पदको लागि लिइने प्रारम्भिक तथा अन्य लिखित परीक्षाको उत्तीर्णाङ्क चालिस प्रतिशत भन्दा बढी हुने गरी आयोगले तोक्न सक्नेछ ।"

७. **मूल नियमावलीको नियम १२ मा संशोधन** : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको :-

"१२ **प्रयोगात्मक परीक्षा**: प्रयोगात्मक परीक्षा लिंदा आयोगले सम्बन्धित उम्मेदवार हरूलाई त्यस्तो परीक्षाको निमित्त साधन सम्पन्न निकायमा पठाई वा सम्बन्धित दक्षको सहयोग लिई आयोगमा नै लिन सक्नेछ । यसरी लिइएको प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क चालीस प्रतिशतमा नघट्ने गरी आयोगले तोके बमोजिम हुनेछ " ।

८. **मूल नियमावलीमा नियम १३क. थप**: मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छ:-

"१३क. **प्रारम्भिक परीक्षाको परीक्षाफल प्रकाशन गरिने**: नियम ५क. बमोजिम लिइएको प्रारम्भिक परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको नामको सूची सम्बन्धित उम्मेदवारहरूको जानकारीको लागि प्रकाशन गरिनेछ ।"

९. **मूल नियमावलीको नियम १७ मा संशोधन**: मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छ ।

"१७ **पारिश्रमिक सम्बन्धी व्यवस्था**: आयोगले संचालन गर्ने परीक्षा वा आयोगसँग सम्बन्धित अन्य काममा लगाइएको कुनै दक्ष, परीक्षक, अन्तवार्ता समितिको सदस्य, व्यक्ति वा कर्मचारीलाई आयोगले तोकें बमोजिमको पारिश्रमिक दिन सकिनेछ ।

१०. **मूल नियमावलीको नियम १८ मा संशोधन**: मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ:-



२६०

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१८. **योग्यताक्रम सूची तयार गर्नेः–** आयोगबाट भएको विज्ञापन अनुसारको प्रतियोगिताको लागि लिइएको परीक्षामा सम्मिलित उम्मेदवारले प्राप्त गरेको अंक र खुल्ला प्रतियोगिताको हकमा विज्ञापनमा तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत श्रेणी बमोजिम आयोगले तोकेको अङ्क समेत जोडी योग्यताक्रम सूची तयार गरिनेछ ।

तर प्रारम्भिक परीक्षा हुने भनी तोकिएकोमा त्यस्तो प्रारम्भिक परीक्षामा प्राप्त गरेको अंक तथा प्रवेशिका परीक्षा वा सो सरह वा सो भन्दा तल्लो स्तरको शैक्षिक योग्यता वा शीपमूलक पदको हकमा त्यस्तो शैक्षिक योग्यता वापतको अङ्क जोडिने छैन।"

११. **मूल नियमावलीको नियम १९ मा संशोधन :** मूल नियमावलीको नियम १९ को,-

(१) उपनियम (४) मा रहेको "प्रशासनिक" भन्ने शब्दको सट्टा "अप्राविधिक" भन्ने शब्द र "दश प्रतिशतसम्म" भन्ने शब्दहरूको सट्टा "पन्ध्र प्रतिशतसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (५) मा रहेका "नियुक्ति गर्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "नियुक्ति गर्नु पर्नेछ" भन्ने शब्दहरू राखी सोही उपनियमको खण्ड (ख) मा रहेका "माथिल्लो पदमा नियुक्ति" भन्ने शब्द पछि "भएमा वा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को अवधिसम्म विना स्वीकृति कार्यालयमा अनुपस्थित रहेकोले त्यस्तो व्यक्तिको नियुक्ति वदर" भन्ने शब्दहरू थपी सोही उपनियमको खण्ड (ग) को प्रारम्भमा रहेको "खण्ड" भन्ने शब्द पछि "(क) वा" भन्ने शब्दहरू थपिएका छन् ।

१२. **मूल नियमावलीको नियम २० मा संशोधन :-** मूल नियमावलीको नियम २० मा रहेका कारण खुलाई सम्बन्धित मन्त्रालय वा सचिवालयको निर्णय समेतसंलग्न गरी आयोगमा पठाउनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा तोकिएका आधार तथा औचित्यको पुष्टि हुने गरी श्री ५ को सरकार (मन्त्रिपरिषद) को निर्णय समेत संलग्न गरी उपयुक्तता परीक्षण तथा परामर्शका लागि आयोगमा पठाउनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

१३. **मूल नियमावलीको नियम २३ मा संशोधन :** मूल नियमावलीको नियम २३ को,-

(१) उपनियम (१) मा रहेको "परीक्षामा" भन्ने शब्दको सट्टा "परीक्षाको लागि दिएको दरखास्त फाराममा वा बढुवा सूचना अनुसार लिइने दरखास्त फाराममा" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) वा (२) बमोजिम झुट्ठा विवरण पेश गर्ने उम्मेदवार उपर अन्य प्रचलित कानून बमोजिम कारवाही हुने रहेछ भने त्यस्तो कारबाही गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन।"

१४. **मूल नियमावलीमा नियम २४क. थप :** मूल नियमावलीको नियम २४ पछि देहायको नियम २४क. थपिएको छ।

"२४क. **निर्देशन पालन गर्नुपर्ने :** (१) कुनै अधिकारीले आयोगको परामर्श लिनुपर्ने विषयमा परामर्श नलिएमा वा आयोगको परामर्श लिए तापनि सो अनुसार काम कारबाही नगरेमा वा आयोगले तोकेको शर्त तथा कार्यविधि प्रतिकूल काम गरेका देखिएमा आयोगले त्यस्तो काम कारबाही सुधार गर्न वा तत्काल रोक्न वा आंशिक वा पूरै कारबाही रद्द गर्न निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम आयोगले दिएको निर्देशन सम्बन्धित अधिकारीले पालना गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना नगरेमा त्यस्तो अधिकारी माथि प्रचलित कानून बमोजिम विभागीय कारवाहीका लागि आयोगले लेखि पठाउन सक्नेछ र त्यसरी लेखि पठाएकोमा त्यसको पालना गर्नु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ।"

१५. **मूल नियमावलीको नियम २५ मा संशोधन :** मूल नियमावलीको नियम २५ मा रहेका "प्रतिकूल काम गरेको देखिएमा" भन्ने शब्दहरू पछि "वा आयोगले विभागीय सजायका लागि सिफारिस गरकोमा त्यस्तो सिफारिस कार्यान्वयन नगरेमा" भन्ने शब्दहरू थपिएका छन्।

१६. **मूल नियमावलीको नियम २७ मा संशोधन :** मूल नियमावलीको नियम २७ को,-

(१) उपनियम (१) मा रहेका "कर्मचारीहरूको सम्बन्धमा" भन्ने शब्दहरूपछि "सात दिनभित्र" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (३) को प्रारम्भमा रहेका "कुनै राजपत्रांकित" भन्ने शब्दहरूको सट्टा "निजामती" भन्ने शब्द राखिएको छ।

आज्ञाले,

मुकुन्दप्रसाद अर्ज्याल

श्री ५ को सरकारको सचिव



265

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले सशस्त्र प्रहरी अध्यादेश, २०५७ को दफा २८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही अध्यादेशको दफा २८ को उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि देहाय बमोजिमका सदस्यहरू रहेको केन्द्रीय सशस्त्र प्रहरी विशेष अदालत गठन गरेको छ:-

(१) नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीका नायव महान्यायाधिवक्ता - अध्यक्ष

(२) गृह सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत - सदस्य

(३) सशस्त्र प्रहरी महानिरीक्षक - सदस्य

### सूचना २

श्री ५ को सरकारले सशस्त्र प्रहरी अध्यादेश, २०५७ को दफा २८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही अध्यादेशको दफा २८ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि देहाय बमोजिमका सदस्यहरू रहेको क्षेत्रीय सशस्त्र प्रहरी विशेष अदालत गठन गरेको छ:-

(१) पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन सरकारी वकिल कार्यालयहरू क्रमश: विराटनगर, पाटन, पोखरा, सुर्खेत र दिपायलका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता - अध्यक्ष

(२) सम्बन्धित क्षेत्रको सशस्त्र प्रहरी नायव महानिरीक्षक - सदस्य

(३) क्षेत्रीय सशस्त्र प्रहरी मुख्यालय रहेको जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

आज्ञाले,

श्रीकान्त रेग्मी

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।